**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ अक्टुबर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज सम्पूर्ण विश्वले भारतलाई एक भरपर्दो, जिम्मेवार र उदार साझेदारको रूपमा हेरेको बताउनु भएको छ।

२. रक्षामन्त्री राजनाथ सिंह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आज लखनऊको ब्रह्मोस एयरोस्पेस सुविधामा निर्मित ब्रह्मोस मिसाइलहरूको पहिलो ब्याचलाई झण्डा देखाउनेछन्।

३. गृह मन्त्रालयले लेहमा गम्भीर कानून व्यवस्थाको अवस्था, पुलिस कारबाही र चार व्यक्तिको मृत्युको न्यायिक अनुसन्धानको आदेश दिएको छ।

४. वायु गुणस्तर प्रबन्धन आयोगले हिजो आगामी जाडो मौसममा वायु प्रदूषण नियन्त्रणको तयारीको समीक्षा गरेको छ।

५. भारतका सात्विक साईराज रन्किरेड्डी र चिराग शेट्टी डेनमार्क ओपन पुरुष युगल ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा पुगेका छन्।

**प्रधानमन्त्री शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सम्पूर्ण विश्वले भारतलाई एक भरपर्दो, जिम्मेवार र उदार साझेदारको रूपमा हेरेको बताउनु भएको छ। हिजो साँझ नयाँ दिल्लीमा एक निजी मिडिया हाउसद्वारा आयोजित विश्व शिखर सम्मेलनमा बोल्नु हुँदै श्री मोदीले भारतले इलेक्ट्रोनिक्सदेखि औषधि र अटोमोबाइलदेखि मोबाइल निर्माणसम्म लगानीको लहर अनुभव गरिरहेको बताउनु भयो।

**बाइट**

प्रधानमन्त्रीले हालै भएको युरोपेली स्वतन्त्र व्यापार सम्झौताको उल्लेख गर्नु भयो जसअन्तर्गत युरोपेली देशहरूले भारतमा १०० अरब डलर लगानी गर्न प्रतिबद्धता जनाएका छन्। उहाँले भन्नु भयो, यसले ठूलो मात्रामा रोजगारीका अवसरहरू सिर्जना गर्नेछ।

**बाइट**

ब्रिटेनका प्रधानमन्त्री केयर स्टारमरको हालैको भारत भ्रमणलाई उल्लेख गर्नु हुँदै प्रधानमन्त्रीले भन्नु भयो, यसले विश्वले भारतमा देखेका अवसरहरू प्रदर्शन गर्दछ। उहाँले जोड दिनु भयो, G-7 देशहरूसँग भारतको व्यापार ६० प्रतिशतभन्दा बढीले बढेको छ। प्रधानमन्त्रीले भन्नु भयो, असंख्य बाधाहरूको सामना गरिरहेको विश्वमा, "अजेय भारत" को बारेमा छलफल स्वाभाविक र समय सापेक्ष छ। श्री मोदीले भन्नुभयो, विगत एघार वर्षमा, भारतले सबै शंकाहरू पार गरेको छ र हरेक चुनौतीलाई पार गरेको छ। उहाँले भन्नु भयो, भारत "फ्रेजाइल फाइव" श्रेणीबाट बाहिर निस्केको छ र शीर्ष पाँच विश्वव्यापी अर्थतन्त्रहरूमध्ये एक बनेको छ। उहाँले उल्लेख गर्नु भयो, मुद्रास्फीति अब दुई प्रतिशतभन्दा कम छ, जबकि वृद्धि दर सात प्रतिशत भन्दा बढी छ। प्रधानमन्त्रीले जोड दिनु भयो, चिप्सदेखि जहाजसम्म सबै क्षेत्रहरूमा आत्मनिर्भर भारतको विश्वास स्पष्ट छ। उहाँले भन्नु भयो, भारत अब आतंकवादी हमलापछि मौन बस्दैन, तर सर्जिकल स्ट्राइक, हवाई आक्रमण र अपरेशन सिन्दूर जस्ता अपरेशनहरूमार्फत निर्णायक प्रतिक्रिया दिन्छ।

**राजनाथ ब्रह्मोस-उत्तर प्रदेश**

रक्षामन्त्री राजनाथ सिंह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आज लखनऊको ब्रह्मोस एयरोस्पेस सुविधामा निर्मित ब्रह्मोस मिसाइलहरूको पहिलो ब्याचलाई झण्डा देखाउनेछन्। लखनऊको ब्रह्मोस सुविधा उत्तर प्रदेश रक्षा कोरिडोरको पहिलो सुविधा हो जहाँ सम्पूर्ण मिसाइल प्रणाली निर्माण प्रक्रिया, निर्माणदेखि अन्तिम परीक्षणसम्म, स्वदेशी रूपमा गरिन्छ। समारोहको क्रममा, रक्षामन्त्री र मुख्यमन्त्रीले बूस्टर भवनको उद्घाटन गर्नेछन् र बूस्टर डकिङ प्रक्रियाको अवलोकन गर्नेछन्। एयरफ्रेम र एभियोनिक्स प्रणाली, वारहेड भवनमा पूर्व-प्रेषण निरीक्षण, र ब्रह्मोस सिम्युलेटरमा पनि प्रस्तुति दिइनेछ।

**लेह जाँच**

गृह मन्त्रालयले लेहमा गम्भीर कानून व्यवस्थाको अवस्था, पुलिस कारबाही र त्यसबाट चार व्यक्तिको मृत्युको न्यायिक अनुसन्धानको आदेश दिएको छ। २४ सेप्टेम्बरमा लेहमा गम्भीर कानून व्यवस्थाको अवस्था सिर्जना भएपछि यो घटना भएको हो। केन्द्र शासित प्रदेश लद्दाखका मुख्य सचिव डा. पवन कोतवालले हिजो लेहमा पत्रकारहरूलाई गृह मन्त्रालयको निर्णयको बारेमा जानकारी दिनु भयो। उहाँले भन्नु भयो, सर्वोच्च अदालतका पूर्व न्यायाधीशले यस विषयमा अनुसन्धान गर्नेछन्।

**मेहुल चोक्सीको प्रत्यर्पण**

बेल्जियमको एक अदालतले फरार हीरा व्यापारी मेहुल चोक्सीको **प्रत्यर्पण**लाई स्वीकृत गरेको छ। चोक्सी 13 हजार करोड रुपियाँको पञ्जाब नेशनल बैंक ठगी मुद्दामा वान्टेड छन्। उनीमाथि ठगी, आपराधिक षड्यन्त्र र भ्रष्टाचारको आरोप लागेको छ। हिजो, एन्टवर्पको एक अदालतले भारतको अनुरोधमा बेल्जियमको पुलिसले चोक्सीलाई गरेको गिरफ्तारी वैध भएको फैसला सुनायो। यो फरार चोक्सीलाई भारत फिर्ता ल्याउने दिशामा एक महत्वपूर्ण कदम हो। केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) को अनुरोधपछि मेहुल चोक्सीलाई ११ अप्रेलमा बेल्जियमको पुलिसले पक्राउ गरेको थियो। त्यसबेलादेखि उनी हिरासतमा छन् र उनी भाग्न सक्ने डरले उनका धेरै जमानत आवेदनहरू अस्वीकार गरिएका छन्।

**महाराष्ट्र जीएसटी लाभार्थीहरू**

आगामी पुस्ताको **जीएसटी** सुधारले उपभोक्ता र व्यवसाय दुवैलाई राहत दिएको छ। नयाँ संरचनाले ५ प्रतिशत, १२ प्रतिशत, १८ प्रतिशत र २८ प्रतिशत को चार-स्तरीय कर स्ल्याबहरूलाई सरल बनाउँछ र अब ५ प्रतिशत र १८ प्रतिशतको दुई-स्तरीय स्ल्याबहरू प्रदान गर्दछ।महाराष्ट्रको पुणेमा ओटर कन्ट्रोल इन्डियाका प्रबन्ध निर्देशक उल्हास जोशीले भन्नु भयो, कम **जीएसटी** दरले औद्योगिक र घरायसी उत्पादनहरूको माग द्रुत गतिमा बढाइरहेको छ, जसले अर्थतन्त्रलाई बढावा दिइरहेको छ।

**जीएसटी सुधार - तमिलनाडु**

प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा घोषणा गरिएको र गत महिनाको २२ तारिखमा लागू गरिएको जीएसटी बचत महोत्सवले समाजको हरेक वर्गलाई फाइदा पुऱ्याइरहेको छ। जीएसटी सुधारहरूले तमिलनाडुको अर्थतन्त्रलाई कसरी बढावा दिइरहेको छ भन्ने बारेमा प्रस्तुत छ हाम्रा संवाददाताको यो रिपोर्ट -

**अफगानिस्तान-पाकिस्तान हवाई हमला**

अफगानिस्तानको दक्षिणपूर्वी पक्तिका प्रान्तमा हिजो पाकिस्तानी हवाई हमलामा दुई बालबालिकासहित छजनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन्। यी घातक हमलाहरू दुई देशहरूबीच ४८ घण्टाको युद्धविराम सम्झौता भएको समयमा भएका छन्।

**सीएक्यूएम बैठक**

वायु गुणस्तर प्रबन्धन आयोगले हिजो आगामी जाडो मौसममा वायु प्रदूषण नियन्त्रणको तयारीको समीक्षा गरेको छ। पूर्ण आयोगको २५ औं बैठकमा वाहन र औद्योगिक उत्सर्जन क्षेत्रमा पराल जलाउने नियन्त्रण सम्बन्धी ग्रेडेड रेस्पोन्स एक्शन प्लान (GRAP) सँग सम्बन्धित वैधानिक निर्देशनहरूको कार्यान्वयनको समीक्षा गरियो। पर्यावरण, वन तथा जलवायु परिवर्तन

मन्त्रालयले वायु गुणस्तर प्रबन्धन आयोगले आजदेखि सोमबारसम्म दिल्ली-एनसीआरमा तोकिएका स्थानहरूमा हरियो पटाका बिक्री गर्न अनुमति दिने सर्वोच्च अदालतको निर्णयलाई पनि उल्लेख गरेको बताएको छ।

**<u>ब्याडमिन्टन</u>**

भारतका सात्विक साईराज रन्किरेड्डी र चिराग शेट्टी डेनमार्क ओपन पुरुष युगल ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा पुगेका छन्। हिजो राति ओडेन्समा भएको म्याचमा भारतीय जोडीले क्वार्टर फाइनलमा मुहम्मद रियान अर्दियान्टो र रहमत हिदायतको गैरवरियादित इन्डोनेसियाली जोडीलाई २१-१५, १८-२१, २१-१६ ले पराजित गरे। आज सेमिफाइनलमा उनीहरूले जापानका ताकुरो होकी र युगो कोबायाशीको सामना गर्नेछन्।

****** ० ******